**कमल गाउँकार्यपालिकाको कार्यालय**
तोपगाछी, झापा
## शिलबन्दी बोलपत्र पेश गर्नेसम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०७७ **कार्तिक** ४ गते

यस कमल गाउँपालिका कार्यालयका लागि आ.व. ०७७/०७८ को बाँकि अवधिको लागि आवश्यक **कार्यालय सामान** तथा **छपाई सम्बन्धी** कागजातहरु गाउँपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा गाउँपालिका कार्यालयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्सहरुले फर्म दर्ता कागज, आ.व. ०७६।०७७ को कर चुक्ता प्रमाण पत्र तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण-पत्र, राखी यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र यस गाउँपालिका कार्यालयको राजस्व प्रशासन शाखाबाट रु. ३,००० मा बोलपत्र फाराम खरीद गरी शिलबन्दी पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. बोलपत्र **फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर** :- २०७७ मंसिर ४ गते कार्यालय समयसम्म रु. ३०००। (तिन हजार) फिर्ता नहुने गरी ।

२ बोलपत्र **फाराम दाखिला गर्ने र खोल्ने मिति, समय र स्थान** :- २०७७ मंसिर ५ गते दिनको १२.०० बजेसम्ममा दाखिला गर्ने र सोहि दिन दिनको २ बजे प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । सो दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

५. यस सन्बन्धी विस्तृत सूचना र जानकारी कार्यालयको जिन्सी शाखा, सूचना पाटी र www.kamalmun.gov.np हेरि सोहि अनुसार गर्नु हुन जानकारी गराइन्छ ।

६. आफूले पेश गरेको बोलपत्र उपत्रको दर मूल्य अभिवृद्धि कर बाहेकको पेश गर्नु पर्नेछ ।

७. बोलपत्र फाराममा दर रेट भर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दर रेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ ।

८. बोलपत्र फाराम पेश गर्दा सो साथ आफूले पेश गरेको सामानको जम्मा मूल्यको २.५ प्रतिशतले हुने रकम एन्.एम्.बी. बैंक केरखा शाखामा रहेको धरौटी खाता नं. ०६४००५८१९६४०००८१ मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड बण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएको निर्धारित समयभित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

९. रितपूर्वक पेश नभएको, म्यादभित्र दर्ता नभएको र शर्त राखी पेश भएका बोलपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

१०. बोलपत्र स्वीकृत भएपछि गाँउकार्यपालिका कार्यालयबाट सम्झौताका लागि बोलाइएको समयमा (म्याद) मा उपस्थित भई सम्झौता गर्नु पर्नेछ । समयमा उपस्थित नभई सम्झौता नगरेमा यस कार्यालयमा उक्त कामका लागि राखिएको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ ।

११. बोलपत्रमा उल्लेख भए बमोजिम कम्पनी तथा ब्राण्डको मालसामान बाहेक अन्य मालसामान गाउँपालिकाले स्वीकार गर्ने छैन साथै मालसामानको वारेन्टी तथा ग्यारेन्टी तोकिए अनुसार हुनेछ ।

१२. तोकिएको समयमा तोकिएको परिमाणको उल्लेखित कम्पनी र ब्राण्डको मालसामान सप्लाई नगरेमा गाउँपालिकाले ठेक्का तोडी धरौटी जफत गर्न सक्नेछ ।

१३. सामान आपूर्ति गर्दा लाग्ने भाडा सामान आपूर्तिकर्ता स्वयंले बेहोर्नु पर्नेछ ।

१४. नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कुनै पनि कर बुझाउनु परेमा आपूर्तिकर्ता स्वयंले बुझाउनु पर्नेछ ।

१५. नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करहरु बुझाई फरफारक लिई आएपछि मात्र उक्त कामका लागि राखिएको धरौटी रकम फिर्ता दिइनेछ ।

१६ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

१७. यस शर्त र बन्देज भित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

6/7
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत